# प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५

प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

# प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५

प्रमाणीकरण र प्रकाशन मिति

२०७५।०६।०४

संशोधन गर्ने ऐन

केही प्रदेश ऐन संशोधन गर्ने

ऐन,२०७७ २०७७।०४/१६

संवत् २०७५ सालको ऐन नं. १५

## प्रदेश विपद् व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना: प्रदेश भित्र प्राकृतिक तथा गैर प्राकृतिक विपदबाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवं साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्नका लागि विपद् पूर्वको तयारी, विपद् जोखिम न्यूनिकरण, पीडितको उद्धार, राहत वितरण, पुर्नस्थापना र पुनर्लाभ तथा व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रूपमा कार्यान्वयनका लागि कानून बनाउन वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

## परिच्छेद-१

## प्रारम्भ र परिभाषा

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम "प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५"रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, -

(क) "कार्यकारी समिति" भन्नाले दफा ६ बमोजिमको कार्यकारी समिति सम्झनु पर्छ।

(ख) "कोष" भन्नाले दफा १० बमोजिमको प्रदेश विपद् व्यवस्थापन कोष सम्झनु पर्छ।

(ग) "कोष सञ्चालन समिति" भन्नाले दफा १३ बमोजिमको कोष सञ्चालन समिति सम्झनु पर्छ ।

(घ) "गैर प्राकृतिक विपद्" भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लू, प्यान्डामिक फ्लू, सर्पदंश, जनावर आतङ्क, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना,आगलागी, विषाक्त ग्याँस, रसायन वा विकिरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदूषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैरप्राकृतिक कारणले उत्पन्न विपद् सम्झनु पर्छ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

(ङ) "जिल्ला विपद् व्यवस्थापन समिति" भन्नाले संघीय ऐनको दफा १७ बमोजिम जिल्लामा गठन भएको जिल्ला विपद् व्यवस्थापन समिति सम्झनु पर्छ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(छ) "प्रतिष्ठान" भन्नाले होटल तथा लज समेतलाई सम्झनु पर्छ ।

[◈](छ१) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ ।

(ज) "प्राकृतिक विपद्" भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भु-स्खलन, डुबान, खडेरी, आँधी, हुरी बतास, शीतलहर, तातो हावाको लहर, चटयाङ्ग, भूकम्प, ज्वालामुखी बिस्फोट, डढेलो वा यस्तै अन्य प्राकृतिक कारणले उत्पन्न जुनसुकै विपद् सम्झनु पर्छ ।

(झ) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला

---

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा थपिएको ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

तथा कानून मन्त्रालयलाई सम्झनु पर्छ।

(ञ) "राष्ट्रिय कार्यकारी समिति" भन्नाले संघीय ऐनको दफा ६ बमोजिमको कार्यकारी समिति सम्झनु पर्छ।

(ट) "राष्ट्रिय परिषद्" भन्नाले संघीय ऐनको दफा ३ बमोजिमको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् सम्झनु पर्छ।

(ठ) "राष्ट्रिय प्राधिकरण" भन्नाले संघीय ऐनको दफा १० बमोजिम गठन भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सम्झनु पर्छ।

(ड) "विपद्" भन्नाले कुनै स्थानमा आपत्कालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनु पर्छ ।

(ढ) "विपद् खोज तथा उद्धार समूह" भन्नाले विपद्को अवस्थामा खोजी तथा उद्धार गर्न क्रियाशील वा विपद् व्यवस्थापनको लागि परिचालन गर्न तयार गरिएको विशिष्टीकृत खोज तथा उद्धार समूह

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

सम्झनु पर्छ र सो शब्दले तालिम प्राप्त मानवीय सहायता कर्मीलाई समेत जनाउँछ।

(ण) "विपद् जोखिम न्यूनीकरण" भन्नाले विपद्पूर्व गरिने जोखिमको विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम वा विपद्बाट हुने क्षतिको न्यूनीकरण तथा विकासका कार्यमा विपद् जोखिमलाई कम गर्ने सम्बन्धी कार्य सम्झनु पर्छ ।

(त) "विपद् पुनर्लाभ" भन्नाले विपद्को घटनापछि गरिने पुनर्निर्माण एवम् पुनर्स्थापनासँग सम्बन्धित कार्य सम्झनु पर्छ ।

(थ) "विपद् प्रतिकार्य" भन्नाले विपद्को घटना घट्नासाथ तत्कालै गरिने खोज, उद्धार एवम् राहतसँग सम्बन्धित कार्य सम्झनु पर्छ र सो शब्दले विपद् प्रतिकार्यको पूर्व तयारीलाई समेत जनाउँछ।

(द) "विपद् व्यवस्थापन" भन्नाले विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलाप सम्झनु पर्छ ।

(ध) "व्यावसायिक प्रतिष्ठान" भन्नाले उद्योग, कलकारखाना, सिनेमा घर, सपिङ्ग मल,

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

बहुउद्देश्यीय व्यापारिक भवन जस्ता व्यावसायिक प्रतिष्ठान सम्झनु पर्छ।

(न) "समिति" भन्नाले यस ऐनको दफा ३ बमोजिम गठन भएको प्रदेश विपद् व्यवस्थापन निर्देशक समिति सम्झनु पर्छ।

(प) "संघीय ऐन" भन्नाले नेपाल सरकारको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ सम्झनु पर्छ ।

(फ) "संघीय मन्त्रालय" भन्नाले नेपाल सरकारको विपद् व्यवस्थापन हेर्ने गरी तोकिएको मन्त्रालय सम्झनु पर्छ ।

(ब) "सार्वजनिक संस्था" भन्नाले सरकारी निकाय, सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संस्था, प्रचलित कानून बमोजिम स्थापना भएका सङ्गठित संस्था वा सबै प्रकारका स्वास्थ्य तथा शैक्षिक संस्था सम्झनु पर्छ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## परिच्छेद – २

## समिति गठन र काम, कर्तव्य, अधिकार सम्बन्धी व्यवस्था

३. **प्रदेश विपद् व्यवस्थापन निर्देशक समितिः** (१) विपद् व्यस्थापन सम्बन्धी क्रियाकलापको प्रभावकारी रूपमा सञ्चालन, व्यस्थापन ,नियमन, समन्वयन र अनुगमन गर्न प्रदेशमा एक विपद् व्यवस्थापन निर्देशक समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिम गठन भएको विपद् व्यवस्थापन निर्देशक समितिमा देहाय बमोजिमका सदस्यहरु रहनेछन्ः-

(क) मुख्यमन्त्री - अध्यक्ष

(ख) आन्तरिक मामिला तथा कानून मन्त्री - उपाध्यक्ष

(ग) आर्थिक मामिला तथा योजना मन्त्री - सदस्य

(घ) भौतिक पूर्वाधार विकास मन्त्री - सदस्य

(ङ) भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री - सदस्य

(च) उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री - सदस्य

(छ) सामाजिक विकास मन्त्री -सदस्य

(ज) प्रदेश सभामा विपक्षी दलको नेता - सदस्य

(झ) प्रदेश सभाको सदस्य एक जना महिला सहित तीन जना - सदस्य

(ञ) उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग - सदस्य

(ट) प्रदेश प्रमुख सचिव - सदस्य

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

(ठ) विपद्का क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्तिहरु मध्येबाट समितिले मनोनयन गरेका एक जना महिला सहित दुई जना - सदस्य

(ड) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य सचिव

(३) समितिलाई विपद्को प्रभावकारी व्यवस्थापन गर्नको लागि यस ऐनको सीमामा रहेर नीतिहरु बनाउने, योजना तथा निर्देशिकाहरु बनाउने अधिकार हुनेछ ।

४. **समितिको बैठक सम्बन्धी व्यवस्थाः** (१) अध्यक्षले तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्नेछ।

(२) समितिको सदस्य-सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषय सूची सहितको सूचना बैठक बस्ने समय भन्दा चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

(३) समितिका पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिको बैठक तत्काल बोलाउन

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

आवश्यक भएमा अध्यक्षले जुनसुकै बेला पनि समितिको बैठक बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा अध्यक्ष र घटीमा एक जना सदस्य सहित सदस्य सचिव उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ।

(५) बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ ।

(६) अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले अध्यक्षले गर्ने सम्पूर्ण कार्य गर्नेछ ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(८) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

५. **समितिको काम, कर्तव्य र अधिकारः** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेशस्तरमा विपद् व्यस्थापन सम्बन्धी नीति तथा योजना स्वीकृत गर्ने,

(ख) खण्ड (क) बमोजिम स्वीकृत नीति तथा योजना कार्यान्वयनको अनुगमन गर्ने,

(ग) विपद् पूर्व तयारीको लागि सम्बन्धित निकाय तथा स्थानीय विपद् व्यवस्थापन समितिको कार्यसञ्चालनमा प्रभावकारिता

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

ल्याउन आवश्यक सहजीकरण र समन्वय गर्ने,

(घ) खोज, उद्धार तथा राहत वितरण कार्यमा प्रभावकारिता ल्याउन सघं, प्रदेश र स्थानीय तह लगायत अन्य सरोकारवालासँग समन्वय तथा सहकार्य गर्ने,

(ङ) राहत सामग्री वितरणका लागि मापदण्ड स्वीकृत गर्ने,

(च) नेपाल सरकार वा प्रदेश सरकारबाट विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरेको अवस्थामा स्थानीय स्तरका सरकारी, गैरसरकारी एवम् निजी सवारी साधन, यन्त्र, उपकरण, सरसामान, खाद्यान्न आदिको अभिलेख राखी नियन्त्रणमा लिई प्रयोग गर्ने वा गर्न लगाउने,

(छ) जोखिमयुक्त असुरक्षित भवन भत्काउने वा भत्काउन लगाउने,

(ज) असुरक्षित स्थानमा रहेको विपद् प्रभावित व्यक्तिलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने, गराउने,

(झ) प्रचलित कानूनको अधीनमा रही राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

प्राप्त राहत सामग्री वा सहयोगलाई समन्वयात्मक रुपमा वितरण एवम् उपयोग गर्ने, गराउने,

(ञ) प्रदेशस्तरको विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्व चेतावनी प्रणालीको विकास र विस्तार गर्ने,

(ट) विपद्का समयमा गरिएका खोज, उद्धार तथा राहत कार्य सम्बन्धी विवरण प्राधिकरणमा पठाउने,

(ठ) प्रदेशस्तरमा विपद् प्रतिकार्य, पुनर्लाभ, पुनर्स्थापना तथा पुनर्निर्माण र स्थानान्तरण सम्बन्धमा आवश्यक पर्ने अन्य कार्यहरु गर्ने, गराउने,

(ड) विपद् व्यवस्थापन सम्बन्धमा तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने,

(ढ) प्रदेश अन्तर्गतका विपद् व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्यको अनुगमन र मूल्याङ्कन गरी निर्देशन दिने,

(ण) जिल्ला तथा स्थानीय तहलाई विपद् व्यवस्थापन सम्बन्धी आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने,

(त) विपद् व्यस्थापनको क्षेत्रमा प्राप्त हुने

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

अन्तर्राष्ट्रिय, द्विपक्षीय एवं बहुपक्षीय सहायताको एकीकृत अभिलेख राख्ने,

(थ) जोखिमयुक्त क्षेत्र पहिचान गरी जोखिमयुक्त क्षेत्रमा बसोवास गरिरहेकालाई सुरक्षित क्षेत्रमा स्थान्तरण गर्ने, जोखिमयुक्त क्षेत्रमा बसोवास तथा उद्योग व्यवसाय सञ्चालन गर्न रोक लगाउने ।

(२) समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

## परिच्छेद – ३

## कार्यकारी समितिको गठन तथा काम, कर्तव्य र अधिकार

६. **कार्यकारी समितिः** (१) प्रदेश विपद् व्यवस्थापन समितिको निर्देशन कार्यान्वयन तथा विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्न देहाय बमोजिमको सदस्य रहने गरी एक समिति रहनेछः-

(क) आन्तरिक मामिला तथा कानून मन्त्री - अध्यक्ष

(ख) सचिव,मुख्यमन्त्री तथा मन्त्रिपरिषको कार्यालय - सदस्य

(ग) सचिव,आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

(घ) सचिव,आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(ङ) सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय - सदस्य

(च) सचिव,भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रलाय - सदस्य

(छ) सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रलाय - सदस्य

(ज) सचिव, सामाजिक विकास मन्त्रलाय - सदस्य

(झ) प्रदेश प्रहरी प्रमुख - सदस्य

(ञ) प्रदेश अध्यक्ष, नेपाल रेडक्रस सोसाइटी - सदस्य

(ट) सम्बन्धित महाशाखा प्रमुख, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य सचिव

(२) उपदाफा (२) बमोजिमको समितिमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धान विभागका प्रदेशस्तरीय प्रमुखलाई आमन्त्रण गरिनेछ ।

(३) समितिले आवश्यकतानुसार सरोकारवाला निकाय र संघ संस्थाहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

७. **कार्यकारी समितिको काम, कर्तव्य र अधिकार**: कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम



आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

हुनेछः-

(क) आपत्कालीन अवस्थामा विपद् प्रभावितका लागि अस्थायी आश्रय गृह तथा अन्य अस्थायी संरचनाको निमार्ण गर्ने, गराउने,

(ख) विपद् प्रभावित क्षेत्रमा स्वयंसेवक परिचालन गर्ने, गराउने,

(ग) विपद् व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति तथा योजना र मापदण्ड तयार गरी समिति समक्ष पेश गर्ने,

(घ) समितिबाट स्वीकृत प्रादेशिक नीति, योजना तथा मापदण्डको अधीनमा रही विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य तथा विपद् पुनर्लाभ सम्बन्धी एकीकृत तथा क्षेत्रगत नीति, योजना तथा कार्यक्रम लागू गर्ने, गराउने,

(ङ) विपद् व्यवस्थापनका सम्बन्धमा प्रदेश, जिल्ला तथा स्थानीय तहको संस्थागत क्षमता विकास गर्न आवश्यक समन्वय र सहजीकरण गर्ने,

(च) विपद् जोखिम न्यूनीकरणका लागि विषयगत क्षेत्र अनुरुप आपत्कालीन योजना तर्जूमा गरी कार्यान्वयन गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय,गण्डकी प्रदेश

गराउने,

(छ) प्राकृतिक विपद्को संभावित असरलाई न्यूनिकरण गर्न जोखिमयुक्त स्थानको पहिचान गर्ने र त्यस्ता स्थलको जोखिम तथा सङ्कट सम्बन्धी नक्साङ्कन गर्ने गराउने,

(ज) सार्वजनिक पूर्वाधार सम्बन्धी संरचनाको विपद् जोखिम मूल्याङ्कन गर्ने, गराउने,

(झ) नदी किनार, बगर, पहिरो जान सक्ने भिरालो जमीन र डुबान हुने क्षेत्र वा विपद् जोखिमको सम्भावना भएका असुरक्षित क्षेत्रमा बसोबास गर्ने व्यक्ति तथा समुदायलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने, गराउने,

(ञ) विपद् जोखिममा रहेका महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, सीमान्तकृत वर्ग तथा समुदाय, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरुको लागि विशेष योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने, गराउने,

(ट) उच्च विपद् तथा सङ्कटको अवस्थामा रहेका समुदायको पहिचान गरी जोखिम

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

न्यूनीकरण कार्य सञ्चालन गर्ने, गराउने,

(ठ) विपद् पूर्वचेतावनी प्रणालीको विभिन्न निकायसँग समन्वय गरी सञ्चालन गर्ने, गराउने,

(ड) विपद् प्रभावितहरुलाई तत्काल राहत उपलब्ध गराउन आवश्यक सम्पूर्ण व्यवस्था मिलाउने,

(ढ) विपद् घटना हुना साथ खोज, उद्धार र राहत लगायतका प्राथमिक कार्यहरु तत्काल गर्नको लागि संस्थागत संयन्त्र स्वतः परिचालित हुने गरी आवश्यक कार्यविधि तथा मापदण्ड तर्जुमा गरी लागू गर्ने, गराउने,

(ण) विपद् प्रभावित क्षेत्रमा आर्थिक क्रियाकलापको पुर्नस्थापना, रोजगारीका अवसरको सृजना तथा जीवनयापनका लागि आय आर्जनका कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(त) विपद् प्रभावित क्षेत्रमा विपद् पुनर्लाभ सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(थ) स्थानीय खोज उद्धार समूह गठन सम्बन्धी आवश्यक कार्य गर्ने, गराउने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

(द) नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी बल, नेपाल, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति र अन्य सम्बन्धित संघ संस्थासँग समन्वय गर्ने,

(ध) प्रदेश मातहतका सुरक्षा निकाय लगायत सम्पूर्ण संयन्त्र परिचालन गर्ने,

(न) यस दफा बमोजिमको काम, कर्तव्य र अधिकारको प्रयोग गर्दा संघ, स्थानीय तहसँग आवश्यक समन्वय गर्ने,

(प) विपद् प्रभावित क्षेत्रमा पिउने पानी, खाद्यान्न, लत्ता कपडा, अस्थायी बसोवास तथा औषधि उपचार जस्ता अत्यावश्यक वस्तुको प्रबन्ध तथा मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने,

(फ) प्रदेशस्तरमा विपद् व्यवस्थापन सम्बन्धी सूचना तथा तथ्याङ्कको सङ्कलन, विश्लेशण, भण्डारण तथा सम्प्रेषण गर्ने, गराउने,

(ब) विपद् व्यवस्थापन सम्बन्धमा सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले यस ऐन बमोजिम गरेका क्रियाकलापहरुका सम्बन्धमा आवश्यकता अनुसार अनुगमन तथा मूल्याङ्कन गरी सम्बन्धित संस्था तथा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

प्रतिष्ठानलाई आवश्यक निर्देशन दिने,

(भ) विपद्को समयमा बजार मूल्य, कृत्रिम अभाव तथा गुणस्तर नियन्त्रण तथा नियमन सम्बन्धमा आवश्यक कार्य गर्ने,

(म) विपद्का सम्भावित घटनाको बारेमा सम्बन्धित सबैलाई पूर्व जानकारी गराउन, सूचना सङ्कलन, विश्लेषण तथा सम्प्रेषण गर्न, खोजी उद्धार तथा राहत सम्बन्धी कार्यको समन्वय तथा परिचालन गर्न प्रादेशिक आपतकालीन कार्य सञ्चालन केन्द्रको स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्ने,

(य) विपद् व्यवस्थापन सम्बन्धमा समितिले तोकेको अन्य कार्य गर्ने, गराउने,

(र) विपद् व्यवस्थापन सम्बन्धमा तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने,

(ल) विपद् प्रभावित क्षेत्रमा सञ्चार माध्यमद्वारा सचेतना सम्बन्धी सूचना सम्प्रेषण गर्ने ।

८. **<u>कार्यकारी समितिको बैठक सम्बन्धी व्यवस्था</u>**ः (१) कार्यकारी समितिको सदस्य-सचिवले अध्यक्षको परामर्शमा कार्यकारी समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषय सूची

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

सहितको सूचना बैठक बस्ने समय भन्दा चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

तर तत्काल कार्यकरी समितिको बैठक बोलाउन आवश्यक भएमा अध्यक्षले निश्चित समय दिई तत्कालै कार्यकारी समितिको बैठक बोलाउन सक्नेछ ।

(२) कार्यकारी समितिका पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(३) कार्यकारी समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ ।

(४) कार्यकारी समितिको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(५) कार्यकारी समितिको अध्यक्षले आवश्यकतानुसार सम्बन्धित निकाय वा संघ संस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(६) कार्यकारी समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(७) कार्यकारी समितिको निर्णय समितिको सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

९. **विशेषज्ञ समिति गठन गर्न सक्नेः** (१) मन्त्रालयले विपद्

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

व्यवस्थापन सम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपद् सम्बन्धी अध्ययन अनुसन्धान कार्यमा सल्लाह सुझाव उपलब्ध गराउन भूगर्भ विज्ञ, विशेषज्ञ चिकित्सक, विपद् व्यवस्थापन विज्ञ, वातावरण विज्ञ वा पूर्वाधार विज्ञ रहेको बढीमा पाँच सदस्यीय विशेषज्ञ समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समितिका सदस्यको योग्यता, काम, कर्तव्य तथा निजहरुले पाउने सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद -४

## विपद् व्यवस्थापन कोष सम्बन्धी व्यवस्था

१०. **प्रदेश विपद् व्यवस्थापन कोषको स्थापनाः** (१) प्रदेश विपद् व्यवस्थापनका लागि एक विपद् व्यवस्थापन कोष खडा गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु जम्मा गरिनेछः–

(क) नेपाल सरकार वा प्रदेश सरकारबाट कोषलाई प्रदान भएको रकम,

(ख) राष्ट्रिय वा अन्तर्राष्ट्रिय विकास साझेदार, राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, निजीक्षेत्रबाट

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

प्रचलित कानून बमोजिम प्राप्त भएको रकम,

(ग) व्यवसायिक संघ संस्थाले आफ्नो व्यावसायिक सामाजिक उत्तरदायित्व अन्तर्गत प्रदान गर्ने रकम,

(घ) प्रदेश मन्त्रिपरिषद्का सदस्य, सभासद, निजामती कर्मचारी, जंगी तथा प्रहरी कर्मचारीले प्रदान गरेको रकम,

(ङ) खण्ड (घ) मा लेखिएदेखि बाहेक अन्य सरकारी तथा गैरसरकारी संस्था वा त्यस्ता संस्थाका कर्मचारी, प्राध्यापक, शिक्षक, उद्यमी, व्यापारी, विभिन्न पेशागत संघ संस्था, राजनीतिक दल, ट्रेड युनियन, नागरिक समाज, निजी क्षेत्र वा सर्वसाधारणले स्वेच्छाले प्रदान गरेको रकम,

(च) कोषलाई अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (१) बमोजिमको कोष आवर्ती कोष (रिभल्भिङ फण्ड) को रुपमा सञ्चालन गरिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

**११. <u>कोषको प्रयोगः</u>** (१) कोषमा जम्मा भएको रकम देहायको कार्यको लागि खर्च गरिनेछः–

(क) विपद्बाट असर परेको वा पर्न सक्ने व्यक्तिको उद्धार र सम्पत्तिको संरक्षण गर्ने,

(ख) विपद्बाट पीडित व्यक्तिको तत्कालीन राहतका लागि अस्थायी शिविर खडा गर्ने,

(ग) विपद्बाट पीडित व्यक्तिको भरण पोषण तथा जीवन निर्वाहका लागि तत्काल आवश्यक पर्ने खाद्यान्न, लत्ता कपडा, औषधि तथा स्वास्थ्य सेवा,शैक्षिक सामग्री जस्ता अत्यावश्यक वस्तु वितरण गर्ने,

(घ) विपद्को कारणबाट घाइते वा बिरामी भएको व्यक्तिको औषधि उपचार गर्ने,

(ङ) विपद्को कारणबाट देहावसान भएका व्यक्तिको काजक्रिया वा सदगतका लागि मृतकका आफन्तलाई आर्थिक सहायता प्रदान गर्ने,

(च) विपद्को कारणबाट भएको फोहोर मैला तथा प्रदूषणको विसर्जन (डिस्पोजल) गर्ने,

(छ) विपद्बाट पीडित व्यक्तिको अस्थायी रुपमा आश्रयस्थल बनाउने वा पुनर्स्थापना गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

(ज) विपद्बाट पीडित व्यक्तिको आवासीय घर वा निजको पेशासँग सम्बन्धित औजार, वर्कशप मर्मतका लागि आर्थिक सहायता प्रदान गर्ने, विद्यालय लगायत अन्य सार्वजनिक महत्वका संघ संस्था को संरक्षण गर्ने,

(झ) विपद् रोकथामका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, पूर्व सावधानी अपनाउने वा पूर्व तयारी (प्रिपेयर्डनेश) गर्ने गराउने ।

(२) खोज, उद्धार र राहत वितरणमा लाग्ने प्रशासनिक खर्च समितिबाट स्वीकृत गरी खर्च गर्न सकिनेछ ।

१२. **<u>कोषको रकम प्रयोग हुन नसक्ने:</u>** यस ऐनको अन्य दफामा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको प्रयोजनका लागि कोषको रकम खर्च गर्न सकिने छैनः–

(क) कुनै सरकारी वा गैरसरकारी कर्मचारीलाई पारिश्रमिक, तलब, भत्ता वा सुविधा उपलब्ध गराउन,

(ख) कुनै सरकारी वा गैरसरकारी कर्मचारीलाई भ्रमण खर्च वा अन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गराउन,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ग) कसैलाई चन्दा, पुरस्कार, उपहार वा अनुदान प्रदान गर्न,

(घ) विपद्सँग सम्बन्धित विषयमा खर्च गर्ने बाहेक कसैलाई आर्थिक सहायता उपलब्ध गराउन ।

१३. **कोष सञ्चालन समितिः** (१) दफा १० बमोजिमको कोष सञ्चालन तथा व्यवस्थापन गर्नको लागि देहाय बमोजिमको एक कोष सञ्चालन समिति रहनेछः-

(क) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय - संयोजक

(ख) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(घ) प्रमुख, प्रदेश लेखा नियन्त्रक कार्यालय - सदस्य

(ङ) सम्बन्धित महाशाखा प्रमुख, आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य सचिव

(२) कोष सञ्चालन समितिको बैठकको कार्यविधि र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१४. **कोषको व्यवस्थापन तथा सञ्चालनः** (१) कोषको रकम

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

समितिबाट नेपाल राष्ट्र बैंक वा नेपाल सरकारबाट सम्बन्धन प्राप्त "क" वर्गको बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको खाता समितिको सदस्य-सचिव र मन्त्रालयको लेखा प्रमुखको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुनेछ ।

१५. <u>**लेखा तथा लेखापरीक्षणः**</u> (१) कोषको आम्दानी खर्चको लेखा प्रदेश सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

(२) कोषको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

१६. <u>**कोषको रकम वितरण गर्ने कार्यविधिः**</u> (१) कोषको रकम दफा ११ बमोजिमको प्रयोजनका लागि तोकिएको मापदण्ड बमोजिम खर्च गर्ने गरी आवश्यकतानुसार उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिम कोषको रकम उपलब्ध गराउँदा विपद्को सघनता र व्यापकता, कोषमा उपलब्ध भएको रकम र खर्चको औचित्य समेतलाई दृष्टिगत गरी समितिले उचित ठहराए बमोजिम रकम उपलब्ध गराइनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम रकम उपलब्ध गराउँदा जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिसँग आवश्यकतानुसार

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

समन्वय गरिनेछ ।

## परिच्छेद –५

## जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन सम्बन्धी व्यवस्था

१७. **जिल्ला विपद् व्यवस्थापन समितिः** (१) संघीय ऐन बमोजिम जिल्लास्तरमा विपद् व्यवस्थापन सम्बन्धी कार्यको लागि प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा तोकिए अनुसारको जिल्ला विपद् व्यवस्थापन समिति रहनेछ ।

(२) जिल्ला विपद् व्यवस्थापन समितिले प्रदेश समितिबाट स्वीकृत नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी दफा ३ बमोजिमको समिति समक्ष पेश गर्नु पर्नेछ ।

१८. **स्थानीय विपद् व्यवस्थापन समिति**ः (१) संघीय ऐन बमोजिम प्रत्येक गाउँपालिका तथा नगरपालिकामा गाउँ कार्यपालिकाको अध्यक्ष वा नगरकार्यपालिकाको प्रमुख को अध्यक्षतामा स्थानीय विपद् व्यवस्थापन समिति रहनेछ ।

(२) स्थानीय विपद् व्यवस्थापन समितिले प्रदेश समितिबाट स्वीकृत एकीकृत तथा क्षेत्रगत नीति, योजना र कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(३) उपदफा (१) बमोजिमको समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी दफा ३ बमोजिमको समिति समक्ष पेश गर्नु पर्नेछ ।

(४) वडास्तरमा वडाअध्यक्षको अध्यक्षतामा वडा विपद् व्यवस्थापन समिति रहनेछ ।

## परिच्छेद-६

## सुरक्षा निकाय तथा अन्य निकायको परिचालन

१९. **सुरक्षा निकायको परिचालन तथा सहयोग र समन्वयः** (१) प्रदेश सरकारले विपद् व्यवस्थापनको काममा आफू मातहतका सुरक्षा निकायहरू लगायत अन्य निकायहरुलाई परिचालन गर्नेछ ।

(२) नेपाल सरकारले विपद्को समयमा खोज, उद्धार र राहत कार्यका लागि प्रदेश सरकारसँग आवश्यक सहयोग माग गरेको अवस्थामा प्रदेश सरकारले त्यस्तो सहयोग उपलब्ध गराउन सक्नेछ ।

२०. **स्वास्थ्य सेवा प्रवाह गर्नेः** (१) विपद्को अवस्थामा निजी ,सरकारी तथा सहकारी स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरुले अनिवार्य रुपमा स्वास्थ्य सेवा प्रवाह गर्नु पर्नेछ ।

(२) स्वास्थ्य संस्थाले विपद्ग्रस्त क्षेत्रमा आवश्यकतानुसार अस्थायी स्वास्थ्य शिविर सञ्चालन गरी

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

स्वास्थ्य सेवा प्रवाह गर्नु पर्नेछ ।

(३) विपद्को अवस्थामा स्वास्थ्यकर्मीहरु आफ्नो कार्य क्षेत्र भन्दा बाहिर रहेको अवस्था भएमा जुन स्थानमा रहेको छ सोही स्थानमा सेवा प्रवाह गर्ने गरी निजलाई खटाउन सकिनेछ ।

२१. **अन्तर प्रदेश सहयोग** : विपद् व्यवस्थापनका कार्यमा अन्य प्रदेशसँग सहयोगको आदान-प्रदान गर्न सकिनेछ।

२२. **वारुणयन्त्र तथा अन्य सेवा प्रदायक निकायको काम, कर्तव्य र अधिकारः** (१) वारूणयन्त्र, एम्बुलेन्स तथा त्यस्तै अन्य सेवा प्रदायकले आपत्कालीन खोज, उद्धार तथा राहत उपलब्ध गराउन समितिले दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।

(२) आपत्कालीन कार्य सम्पादन गर्दा समितिको आदेश बमोजिम कुनै पनि स्थानमा प्रवेश गर्ने तथा जुनसुकै व्यक्ति वा संस्थाको साधन र स्रोत उपयोग गर्ने अधिकार वारुणयन्त्र सेवा प्रदायकलाई हुनेछ।

(३) प्रदेश सरकारले जनसंख्या, भौगोलिक क्षेत्र, जोखिमको क्षेत्र समेत विचार गरी स्थानीय तहलाई वारूणयन्त्र र अन्य सेवाको व्यवस्थापन गर्नको लागि मापदण्ड सहित निर्देशन गर्न सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु सम्बन्धित स्थानीय तहको कर्तव्य हुनेछ ।

२३. **सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्वः**

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

(१) विपद् व्यवस्थापन सम्बन्धमा प्रदेशभित्रका सबै सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्व देहाय बमोजिम हुनेछः-

(क) आफ्नो भवन, उद्योग, कार्यालय वा व्यावसायिक केन्द्रमा विपद्का घटना हुन नदिन विपद् सुरक्षा औजार, उपकरण, सामग्री, आपत्कालीन निकास लगायत तोकिए बमोजिमका अन्य व्यवस्था गर्ने,

(ख) तथ्याङ्क सङ्कलन, क्षतिको मूल्याङ्कन, राहत, पुनर्स्थापना तथा पुनर्निर्माण समेतका सम्पूर्ण कार्यमा आवश्यक सहयोग गर्ने,

(ग) आफ्ना कर्मचारी तथा कामदारलाई विपद् व्यवस्थापन सम्बन्धमा आधारभूत अभिमुखीकरण गर्ने गराउने,

(घ) विपद् व्यवस्थापन कार्यमा उपयोग हुने स्रोत साधनलाई तयारी हालतमा राख्ने,

(ङ) आफ्ना भवन लगायत अन्य संरचना आपत्कालीन प्रयोजनका लागि आवश्यक परेमा आदेशानुसार उपलब्ध गराउने,

(च) सम्बन्धित अधिकारीको सुपरिवेक्षणमा उद्धार तथा राहत वितरण कार्यमा सहयोग पुऱ्याउने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(छ) विपद् जोखिम न्यूनीकरण संयन्त्रको व्यवस्था गरी तयारी अवस्थामा राख्ने,

(ज) फोहोरमैला तथा प्रदूषणको यथोचित व्यवस्थापन गरी यसबाट वातावरण र जनजीवनमा पर्न सक्ने नकारात्मक प्रभावलाई न्यूनीकरण गर्ने उपायहरू अपनाउने,

(झ) विपद्को घटना घटेमा तत्काल नजिकको सुरक्षा निकाय र स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई खबर गर्ने ।

(२) प्रदेशभित्रका सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले प्रदेश विपद् व्यवस्थापन सम्बन्धी योजनाको अधीनमा रही विपद् व्यवस्थापन योजनाको तर्जुमा गरी अनिवार्य रूपमा लागू गर्नु पर्नेछ।

(३) विपद्को समयमा स्वास्थ्य संस्था, दुरसञ्चार, ब्लड बैङ्क, खानेपानी सप्लायर्स, बिजुली, इन्धन, ढुवानीका साधन, ग्याँस, इन्टरनेट, बैंकिङ्क, आमसञ्चार माध्यम, डिपार्टमेण्ट स्टोर्स, सुपरस्टोर तथा औषधि पसल, खाद्यान्न पसल, टेण्ट लगायत राहत सामग्री बिक्री गर्ने पसल जस्ता अत्यावश्यक सेवा प्रदान गर्ने सरकारी, गैरसरकारी तथा निजी क्षेत्रका सेवा प्रदायकले अनिवार्य रुपमा सेवा प्रदान गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(४) उपदफा (३) बमोजिमको सेवा प्रदान नगर्ने सेवाप्रदायक संस्थाका सञ्चालक एवं कर्मचारीलाई नियन्त्रण लिई प्रचलित कानून बमोजिम कारबाही गरी त्यस्तो सेवा प्रदायकको सामग्री नियन्त्रण लिई वैकल्पिक व्यवस्थाबाट सामग्री वा सेवा बिक्री वितरण वा उपलब्ध गराउन सक्नेछ ।

२४. <u>**विपद् व्यवस्थापनमा सहयोग गर्नुपर्ने**</u>: प्रदेश भित्रका सरकारी कार्यालय, गैरसरकारी संस्था, स्थानीय सङ्घ संस्था, समुदाय, स्वयंसेवक, नागरिक समाज, निजी क्षेत्र तथा व्यक्तिले विपद् व्यवस्थापन कार्यमा प्रदेश सरकारलाई देहाय बमोजिम सहयोग गर्नु पर्नेछः-

(क) कुनै पनि पूर्वाधार विकासका कार्यक्रमहरु सञ्चालन गर्दा विपद् प्रभाव मूल्याङ्कन गराएर मात्र गर्नुपर्ने,

(ख) विपद् प्रभाव मूल्याङ्कन तथ्याङ्क सङ्कलन, क्षतिको मूल्याङ्कन, राहत, पुनर्स्थापना तथा पुनर्निर्माण लगायतका विपद् व्यवस्थापन सम्बन्धी कार्यमा सहयोग गर्ने,

(ग) विपद् व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने,

(घ) क्षमता विकास, आपत्कालीन नमूना अभ्यास तथा विपद् व्यवस्थापन सम्बन्धी

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

प्रशिक्षण कार्यक्रममा सहयोग गर्ने तथा भाग लिने,

(ङ) खोज, उद्धार तथा राहत वितरण सम्बन्धी कार्यमा सहयोग गर्ने।

## परिच्छेद –७

## कसूर र सजाय

२५. **कसूर तथा सजायः** (१) कसैले विपद्को घटना घट्न सक्ने गरी लापरबाही गरी कुनै कार्य गरेमा वा त्यस्तो घटना घटाउन प्रत्यक्ष संलग्न भएमा त्यस्तो कसूरको मात्रा अनुसार पाँच लाख रूपैयाँसम्म जरिबाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(२) कसैले देहाय बमोजिमको कुनै कार्य गरेमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा अनुसार एक लाख रूपैयाँसम्म जरिबाना छ महिनासम्म कैद वा दुवै सजाय हुनेछः-

(क) कुनै विपद्को घटना घट्न सक्ने अफवाह फैलाई सार्वजनिक रूपमा त्रास सृजना गरेमा,

(ख) अनुमति लिई वा नलिई विपद्का नाममा चन्दा, राहत वा सहयोग सङ्कलन गरी, आफूखुशी वितरण गरेमा वा व्यक्तिगत लाभमा प्रयोग

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

गरेमा,

(ग) विपद्को समयमा अप्राकृतिक रूपमा बजार मूल्यवृद्धि गरेमा वा कृत्रिम अभाव सिर्जना गरेमा वा गुणस्तरहीन वस्तु तथा सेवाको कारोबार गरेमा ।

(३) उपदफा (१) मा जनुसुकै कुरा लेखिएको भए तापनि सो उपदफा बमोजिमको कसूर गरेको कारण कसैको ज्यान गएमा, अङ्गभङ्ग भएमा वा चोटपटक लागेमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई प्रचलित कानून बमोजिम सजाय हुनेछ ।

(४) कसैले देहाय बमोजिमको कार्य गरेमा त्यस्तो व्यक्तिलाई पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछः-

(क) यस ऐन अन्तर्गतको कुनै कार्य गर्न कुनै सरकारी निकाय वा यस ऐन बमोजिम गठित कुनै समिति वा त्यस्तो कार्यको लागि अख्तियारी प्राप्त व्यक्तिलाई आफ्नो कर्तव्य पालना गर्न बाधा पुऱ्याएमा,

(ख) यस ऐन कार्यान्वयन गर्ने सम्बन्धमा जारी भएका आदेश वा निर्देशन पालना नगरेमा,

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(ग) राहत सामग्री वितरणमा अवरोध गरेमा वा राहत सामग्रीको दुरुपयोग गरेमा,

(घ) विपद्‌का बखत झुठा विवरण दिने तथा झुठा प्रमाण बनाएमा,

(ङ) उपदफा (१), (२) र (३) मा उल्लेख गरिएको बाहेक यो ऐन तथा यस ऐन अन्तर्गतको नियम विपरीतको कुनै कार्य गरेमा।

(५) यस ऐन विपरीतको कार्य कुनै सङ्गठित संस्थाले गरेमा त्यस्तो कार्यमा संलग्न त्यस्तो संस्थाको व्यक्तिलाई र त्यस्तो व्यक्ति यकिन नभएमा सो संस्थाको प्रमुख भई कार्य गर्ने व्यक्तिलाई यस दफा बमोजिमको सजाय हुनेछ।

२६. **हदम्याद:** यस ऐन अन्तर्गतको कसूरमा कसूर भए गरेको मितिले तीस दिनभित्र मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गरी सक्नु पर्नेछ ।

२७. **मुद्दा हेर्ने अधिकारी र पुनरावेदन**: (१) दफा २५ को उपदफा (१), (२), (३) बमोजिमको मुद्दाको कारबाही र किनारा जिल्ला अदालतले गर्नेछ ।

(२) दफा २५ को उपदफा (४) बमोजिमको मुद्दाको कारबाही र किनारा प्रमुख जिल्ला अधिकारीले गर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

(३) उपदफा (२) बमोजिम प्रमुख जिल्ला अधिकारीले गरेको निर्णय उपर पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सकिनेछ।

२८. **<u>मुद्दाको अनुसन्धान र दायरी</u> :** दफा २५ को उपदफा (४) सँग सम्बन्धित मुद्दाको अनुसन्धान तोकिएको अधिकारीले गर्नेछ ।

२९. **<u>प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने</u>:** यस परिच्छेदमा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले यस ऐन विपरीत गरेको कुनै कार्यबाट अन्य कानूनको समेत उल्लङ्घन हुने भएमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा पर्नेछैन ।

३०. **<u>क्षतिपूर्ति भराई दिनुपर्ने</u>:** कसैले यस ऐन विपरीतको कुनै कसूर गरेको कारणबाट कसैलाई हानि, नोक्सानी पुग्न गएमा त्यस्तो व्यक्तिबाट हानि, नोक्सानी पुग्ने पक्षलाई मनासिब क्षतिपूर्ति भराई दिनुपर्नेछ ।

३१. **<u>असल नियतले गरेको काममा सजाय नहुने</u>:** यस ऐन बमोजिम विपद्का अवस्थामा जिम्मेवारी तोकिएको राष्ट्रसेवक, कर्मचारी वा स्वयंसेवकले तोकिए बमोजिमको काम ईमान्दारी पूर्वक पुरा गर्नुपर्ने। असल नियतले गरेको वा गर्न प्रयत्न गरेको कुनै कामको सम्बन्धमा कुनै राष्ट्रसेवक वा कर्मचारी उपर मुद्दा चलाइने वा अन्य कुनै कानूनी कारबाही गरिने छैन ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

## परिच्छेद -८

## विविध

३२. **प्रदेश गोदाम घर सञ्चालन** : (१) प्रदेशमा भएका वा हुन सक्ने प्राकृतिक तथा गैरप्राकृतिक विपद् पूर्वको तयारी, पीडितको उद्धार, राहत वितरण, पुर्नस्थापना र पूनर्लाभ र यसको व्यवस्थापन जस्ता सबै क्रियाकलापका लागि आवश्यक पर्ने राहत सामग्रीको भण्डारणको लागि एक गोदाम घर सञ्चालनमा ल्याईनेछ।

(२) उपदफा (१) बमोजिमको गोदाम घरमा नेपाल सरकार, प्रदेश सरकार, नेपाल सरकारको अनुमतिमा वैदेशिक दातृ राष्ट्र वा निकाय र अन्य संघ संस्थाले दिएका राहत सामग्रीको भण्डारण गरिनेछ।

(३) उपदफा (१) बमोजिमको गोदाम घरको सञ्चालन, व्यवस्थापन र सुपरीवेक्षेण मन्त्रालयले गर्नेछ।

(४) गोदाम घर सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३३. **विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गर्न सक्ने** : (१) दफा ३ बमोजिम गठन भएको समितिले प्रदेशभित्रको कुनै ठाँउमा गम्भीर प्रकृतिको विपद् उत्पन्न भएमा विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गर्न प्रदेश सरकार समक्ष सिफारिस गर्न सक्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) उपधारा (१) बमोजिम घोषणा गरेको क्षेत्रमा सम्बन्धित स्थानीय तह, व्यक्ति, संस्था वा अधिकारीले त्यस्तो क्षेत्रमा सञ्चालन गर्ने कार्यक्रमलाई सहयोग र समन्वय गर्नु निजहरुको कर्तव्य हुनेछ ।

(३) प्रदेश भित्रका प्राकृतिक जोखिमका क्षेत्रहरु निर्धारण गरी त्यहाँका मानवबस्ती, भौतिक संरचना निर्माणका गतिविधिलाई निरुत्साहित गर्ने, वाढी जोखीम न्यूनिकरण गर्न नदीको बहाव क्षेत्र निर्धारणमा जोड, भौतिक संरचना निर्माणार्थ स्थानीय तहसँग समन्वय र सहकार्य गर्ने ।

३४. <u>तत्काल खरिद तथा निर्माण र प्रयोग गर्न सकिने:</u> (१) विशेष परिस्थिति परी विपद्बाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भइरहेको विपद्बाट थप क्षति हुन नदीनका लागि तत्कालै राहत सामग्री खरिद वा निर्माण कार्य गर्न आवश्यक भएमा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनमा रहेको विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था बमोजिम मन्त्रालयले समितिको निर्णयमा खरिद वा निर्माण कार्य गर्न सक्नेछ ।

(२) विपद्बाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भइरहेको विपद्बाट थप क्षति हुन नदीनका लागि प्रदेश क्षेत्र भित्रको कुनै गैरसरकारी कार्यालय वा अन्य संघ संस्था र व्यक्तिको

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

चल, अचल सम्पत्ति तथा सवारी साधन उपयोग गर्न आवश्यक भएमा सोको अभिलेख राखी तोकिएको अवधि भरको लागि अस्थायी तवरले प्राप्त गर्न सकिनेछ ।

(३) मन्त्रालयले उपदफा (२) बमोजिम कुनै सम्पत्ति अस्थायी रूपमा प्राप्त गरेमा त्यस्तो सम्पत्ति प्रयोग वा वस्तु उपयोग बापत प्रचलित दर अनुसारको रकम सम्बन्धित कार्यालय, संस्था वा व्यक्तिलाई दिनेछ।

३५. **<u>राहतको न्यूनत मापदण्ड सम्बन्धी व्यवस्थाः</u>** (१) विपद् प्रभावित व्यक्तिलाई नेपाल सरकार र स्थानीय तहले उपलब्ध गराएको राहतमा दोहोरो नपर्ने गरी यस ऐन बमोजिम तोकिएको मापदण्डका आधारमा राहत उपलब्ध गराईनेछ ।

तर उपदफा (१) बमोजिम नेपाल सरकार र स्थानीय तहले उपलब्ध गराएको राहत अपुग भएको भन्ने कुरा समितिलाई लागेमा अतिरिक्त राहत उपलब्ध गराउन बाधा पर्ने छैन ।

(२) उपदफा (१) बमोजिमको राहतको मापदण्डमा अन्य विषयको अतिरिक्त देहायका विषय समावेश भएको हुनुपर्नेछः-

(क) विपद्बाट प्रभावित व्यक्तिलाई अस्थायी आश्रय स्थलमा राख्दा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

उपलब्ध गराउनु पर्ने आवास, खाद्यान्न, खानेपानी, स्वास्थ्य तथा सरसफाइ सम्बन्धी,

(ख) विपद्बाट मृत्यु हुनेको परिवार तथा सम्पत्तिको क्षति हुने व्यक्तिलाई उपलब्ध गराउनु पर्ने न्यूनतम राहत सम्बन्धी,

(ग) महिला, बालबालिका, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिको आवश्यकता सम्वोधनका लागि विशेष राहत प्याकेजहरु (जस्तै डिग्निटी किट र चिल्ड्रेन किट) महिलाहरूको लागि सुरक्षित महिला मैत्रीस्थल,

(घ) व्यक्तिगत गोपनीयता तथा सुरक्षा सम्बन्धी,

(ङ) न्यूनतम राहत बाहेक स्वरोजगार तथा रोजगारी व्यवस्थापनका माध्यमबाट पीडितको जीविकोपार्जन सम्बन्धी,

(च) गैरसरकारी वा व्यक्तिगत रूपमा दिइने राहतको वितरण सम्बन्धी,

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(छ) एकद्वार प्रणाली अनुरुप राहत वितरण गर्ने सम्बन्धी,

(ज) राहतसँग सम्बन्धित अन्य उपयुक्त विषय ।

३६. **निर्देशन दिन सक्ने**: कार्यकारी समितिले यस ऐनको अधीनमा रही विपद् व्यवस्थापनका लागि कुनै व्यक्ति वा निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित व्यक्ति वा निकायको कर्तव्य हुनेछ ।

३७. **अधिकार प्रत्यायोजन**: समितिले आवश्यकता अनुसार आफूमा रहेको केही वा सबै अधिकार कार्यकारी समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३८. **उपसमिति गठन गर्न सक्ने** : (१) दफा ६ बमोजिम गठन भएको कार्यकारी समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य, अधिकार र कार्यविधि उपसमिति गठन गर्दाका बखत तोकिए बमोजिम हुनेछ।

३९. **अभिलेख राख्नु पर्ने**: (१) विपद्को समयमा राहत उपलब्ध गराउने व्यक्ति, निकाय वा संस्थाको नाम, र उपलव्ध गराइएको राहत तथा सोको परिमाण सहितको विवरणको अभिलेख राख्ने व्यवस्था कार्यकारी समितिले मिलाउनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

(२) उपदफा (१) बमोजिमको विवरण राख्दा विपद्मा परेका महिला, बालबालिका तथा जेष्ठ नागरिक, विपद्का कारणले स्थानान्तरण भएका घरपरिवार लगायतको संख्या यकिन हुने विवरण र उनीहरूलाई उपलब्ध गराइएको राहत स्पष्ट रूपमा राख्नु पर्नेछ।

४०. **<u>राहत वितरण र सेवा प्रवाहमा एकद्वार प्रणाली स्थापना गर्ने</u>**: (१) कसैले पनि प्रदेश सरकारले तोकिदिएको विपद् व्यवस्थापन हेर्ने निकायको स्वीकृति लिएर मात्र राहत सामग्रीको संकलन र वितरण गर्नुपर्नेछ ।

(२) उपदफा (१) विपरीत राहत सामग्रीको संकलन र वितरण गरेको पाइएमा त्यस्तो सामग्री जफत गरी संलग्न व्यक्ति र संस्थालाई प्रचलित कानून बमोजिम सजाय हुनेछ ।

४१. **<u>पुरस्कार दिन सक्ने</u>** : प्रदेशको विपद् व्यवस्थापन सम्बन्धमा विशेष योगदान पुऱ्याउने राष्ट्रसेवक, स्थानीय तह, व्यक्ति वा संस्थालाई प्रोत्साहन स्वरूप समितिको सिफारिसमा प्रदेश सरकारले सम्मान तथा पुरस्कार दिन सक्नेछ ।

४२. **<u>वार्षिक प्रतिवेदन</u>** : (१) दफा ६ बमोजिको कार्यकारी समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी समिति समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको वार्षिक

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

प्रतिवेदन सार्वजनिक रूपमा प्रकाशन गर्नु पर्नेछ ।

४३. **<u>प्रदेश सरकारले निर्देशन दिन सक्ने:</u>** (१) प्रदेश सरकारले यस ऐन बमोजिम समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

४४. **<u>प्रशासनिक खर्च व्यवस्थापन</u>**: समिति\कार्यकारी समति\कोष सञ्चालन समितिको बैठक तथा प्रतिवेदन तयारी लगायतका कार्यसँग सम्बन्धित प्रशासनिक खर्च मन्त्रालयले व्यवस्था गर्नेछ |

४५. **<u>नियम, निर्देशिका तथा कार्यविधि बनाउन सक्ने:</u>** यस ऐनको कार्यान्वयनका लागि प्रदेश सरकारले आवश्यकता अनुसार नियमावली, निर्देशिका तथा कार्यविधि बनाउन सक्नेछ ।

४६. **<u>बचाउ</u>** : यो ऐन प्रारम्भ हुँदाका बखत विपद् व्यवस्थापनका सम्बन्धमा प्रदेश सरकारबाट भए गरेका कार्य यसै ऐन बमोजिम भए गरेको मानिने छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश